# CHILIME HYDROPOWER COMPANY LIMITED

Dhumbarahi, Kathmandu

## Balance Sheet as on 14th Jan, 2018 (Unaudited)

(Rs.'000)

| Particulars | F.Y. 2074/075 (As on 14th Jan, 2018) | F.Y. 2074/075 (As on 17th Oct, 2017) | F.Y. 2073/074 (As on 13th Jan 2017) |
|---|---|---|---|
| **Capital & Liabilities** | | | |
| Share Capital | 39,65,113.15 | 34,47,924.48 | 34,47,924.48 |
| Reserve Fund & Accumulated Profit | 45,68,929.71 | 52,15,357.85 | 45,28,326.25 |
| Long Term Liabilities | 1,77,340.09 | 1,77,340.09 | 1,72,764.00 |
| **Total** | **87,11,382.95** | **88,40,622.42** | **81,49,014.73** |
| **Non Current Assets** | | | |
| Net Fixed Assets | 18,89,127.93 | 19,09,637.49 | 19,54,854.63 |
| Work-in-Progress | 5,593.70 | 5,593.70 | - |
| Investment | 59,16,588.05 | 57,96,565.74 | 54,41,231.70 |
| **Total Non Current Assets** | **78,11,309.68** | **77,11,796.93** | **73,96,086.33** |
| **Current Assets** | | | |
| Inventory | 1,66,714.20 | 1,67,121.04 | 1,76,951.85 |
| Receivables | 1,54,331.77 | 2,45,384.14 | 1,96,843.47 |
| Cash & Bank | 97,661.10 | 3,17,300.54 | 3,43,758.26 |
| Deposit, Advance, Pre-payments and Short-term Investment | 8,75,944.05 | 4,74,442.15 | 4,20,793.55 |
| **Total Current Assets** | **12,94,651.12** | **12,04,247.87** | **11,38,347.13** |
| **Less: Current Liabilities & Provision** | | | |
| Payables (Including Dividend Provision) | 2,88,577.24 | 58,910.52 | 52,179.74 |
| Provisions | 1,06,000.62 | 16,511.87 | 3,33,238.99 |
| **Total Current Liabilities** | **3,94,577.86** | **75,422.39** | **3,85,418.73** |
| **Net Current Assets** | **9,00,073.26** | **11,28,825.48** | **7,52,928.40** |
| **Total** | **87,11,382.95** | **88,40,622.42** | **81,49,014.73** |

## Profit & Loss Accounts for the Period ended 14th January, 2018 (Unaudited)

(Rs.'000)

| Particulars | F.Y. 2074/075 (As on 14th Jan, 2018) | F.Y. 2074/075 (As on 17th Oct, 2017) | F.Y. 2073/074 (As on 13th Jan 2017) |
|---|---|---|---|
| Electricity Sales | 6,32,180.69 | 3,69,562.24 | 6,54,240.83 |
| Cost of Sales | (61,853.46) | (32,276.80) | (40,137.99) |
| **Gross Profit** | **5,70,327.24** | **3,37,285.44** | **6,14,102.84** |
| Other Income | 845.75 | - | 268.12 |
| Depreciation Expenses | (38,553.63) | (17,479.79) | (39,894.99) |
| Administrative Cost | (15,742.89) | (9,251.59) | (27,918.20) |
| **Operating Profit** | **5,16,876.47** | **3,10,554.06** | **5,46,557.77** |
| Interest Income | 24,871.92 | 6,405.76 | 16,990.84 |
| **Profit before Tax** | **5,41,748.39** | **3,16,959.82** | **5,63,548.60** |
| Employees Bonus Provision | (10,622.52) | (6,214.90) | (11,049.97) |
| Income Tax Provision | (6,429.42) | (1,601.44) | (4,315.00) |
| **Profit after Tax** | **5,24,696.45** | **3,09,143.48** | **5,48,183.63** |

**अनुसूची-१४**

### १. वित्तिय विवरण :

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ सम्लग्न गरिएको छ।

(ख) प्रमुख वित्तिय सूचकहरू :

| क्र.सं. | विवरण | आ.व.२०७४/०७५ दोश्रो त्रैमासिक अवधी | आ.व. २०७३/०७४ दोश्रो त्रैमासिक अवधी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रतिसेयर आम्दानी (रू.) | २६.४७ | २५.६९ | |
| २ | P/E Ratio | ३६.०५ | २५.६९ | वार्षिकिकरण गरिएको |
| ३ | प्रति सेयर नेटवर्थ (रू.) | २१५.२३ | २३१.३३ | |
| ४ | प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रू.) | २२९.६५ | २४७.५२ | |
| ५ | तरलता अनुपात | ३.२८ | २.९५ | |

### २. व्यवस्थापकीय विश्लेषण :

(क) गत आ.व. २०७३/०७४ को अनुपातमा यस आ.व. २०७४/०७५ को पौष मसान्तसम्म पानीको वहाव उच्च भई विजुली उत्पादनमा कमि नआएतापनि नेपाल विद्युत प्राधिकरणसंगको अधिक विद्युत उर्जा खरिद-विक्री सम्वन्धमा भएको Power Purchase Agreement (PPA) को प्रावधान अनुसार सवै विद्युत खरिद नभएका कारण ३.३७ प्रतिशतले विद्युत आयमा कमी भएको छ भने व्याज तथा अन्य आम्दानीमा ४६.३८ प्रतिशतले वृद्धि भएकोछ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन। तर मानविय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने।

### ३. कानुनी कारवाही सम्वन्धी विवरण :

यस कम्पनीले १५ बर्षसम्म आयकर (Corporate Tax) छुट पाएको सन्दर्भमा भएतापनि ठूलाकरदाता कार्यालयले विद्युत विक्री वाहेक अन्य आम्दानीमा कर छुट नहुने गरी निर्णय गरेको छ। आ.व. २०६०/०६१, आ.व. २०६८/०६९ र आ.व. २०६९/०७० वाहेक अन्य बर्षको कर मिलान भै सकेको छ। उल्लेखित वर्षको कर विवाद सम्वन्धमा सम्वन्धित निकायमा अपिल तथा प्रशासकिय पुनरावलोकनको कारवाही भैरहेको छ। साथै सो वापत कर तिर्नु पर्ने ठहर भएमा कम्पनीको सञ्चित मूनाफामा असर गर्ने व्यहोरा सम्वन्धित शेयरधनीहरूको जानकारीका लागि अनुरोध छ।

### ४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :

(क) सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू गरिएको छैन। संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यबस्थापन पक्ष विश्वस्त रही सम्वन्धीत लगानीकर्ताहरूलाई पनि विश्वस्त गराउन चाहन्छ।

(ख) मिति २०७४/०८/२४ गतेको २१औं बार्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण सभा भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरूले पाउने गरी कम्पनीको चुक्ता पुँजीको १० प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको १५ प्रतिशत वोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य गरिएको छ। वोनश सेयरलाई पुँजिकरण गरी देखाइएको छ। वोनश सेयर वितरणका लागि सम्वन्धित सेयरधनीको डिम्याट खातामा जम्मा गरिदिने योजना अनुरूप काम भई रहेको छ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण :

| सेयरको अधिकतम मूल्य (रू.) | सेयरको न्यूनतम मूल्य (रू.) | सेयरकोअन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ९६० | ७४२ | ९५४ | ५७ | ६१५८ |

### (५) समस्या र चुनौती :

मुख्य प्रवर्द्धकको रूपमा रहेको यस कम्पनी अन्तरगतका सम्वद्ध कम्पनीहरू अन्तरगत प्रवर्द्धित कुल २७०.३ मेगावाट क्षमताका चार वटा जलविद्युत आयोजनाहरू निर्माणका क्रममा रहेका छन्। उक्त आयोजनाहरूको निर्धारित निर्माण तालिका अनुसार निर्माण सम्पन्न गराउनु मुख्य चुनौती रहेको छ भने पुर्वानुमान भन्दा वाहिर हुने दैवी प्रकोपको सामाना गर्नु पर्ने चुनौती भने सदा रहिरहने। साथै वदलिँदो राजनैतिक तथा सामाजिक परिभेषमा उपरोक्तानुसारका जलविद्युत आयोजनाहरूको अतिरिक्त नयाँ आयोजनाहरू पहिचान तथा विकास गर्ने क्रममा यस कम्पनीले सर्भेक्षका लागि अनुमति प्राप्त गरेका १६५ मेगावाट क्षमताको सेतिनदी-३ जलविद्युत आयोजना ४२०मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत आयोजनालाई अगाडि बढाउनु पनि चुनौतिपुर्ण नै रहेको छ । त्यस्तै गरी स्वदेशमा भएको दक्ष प्राविधिकहरूको अभाव र भईरहेको जनशक्तिलाई लामो समय सम्म कम्पनीमा नै थामी राख्न नसक्नु पनि कम चुनौतिपुर्ण छैन भन्ने कुरा महशुस गरिएको छ।

### (६) संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरू संचालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ। कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत सुशासन एवं सुदृढिकरण अन्तरगत विभिन्न किसिमका तालिम तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्रथामिकता दिने गरिएको छ।

### (७) विविध सम्वन्धमा :

यस कम्पनिको केन्द्रीय कार्यालय रहेको जग्गामा चिलिमे टावर निर्माणका लागि वोलपत्र आह्वान गर्ने तयारी भइ रहेको छ। चिलिमे जलविद्युत कम्पनी लि. ले यस आ.व. २०७४/०७५ मा दुई नयाँ जलविद्युत आयोजनाहरूको सर्भे अनुमति पत्र पाइसकेको छ। संभाव्यता अध्ययनका लागि तयारीका कामहरू भई रहेका छन्। यस कम्पनी अन्तर्गतका सम्वद्ध कम्पनीहरू मार्फत निमार्णाधिन जलविद्युत आयजनाका विभिन्न कामहरू तदारूक्ताका साथ अगाडि बढिरहेको अवस्था छ । उक्त कम्पनीहरूको सर्वसाधारणलाई सेयर निकाल्ने कार्यको तयारी अन्तिम चरणमा पुगेको छ।

### (८) प्रमुख कार्यकारी अधिकृतको उद्घघोषण :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु। साथै म यो उद् घोष गर्दछुकी मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु। लगानी कर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु।